# निशब्द-संगीतमा हाम्रो पहिचान

आभास

सन् २००० को सेप्टेम्बर थियो । कोपनहेगनको एउटा रेकर्डिङ स्टुडियोमा मेरा संगीतकार मित्र ग्रेगर्स रेकर्डिङ सञ्चालन गर्दै थिए । विभिन्न देशका संगीतकार आ-आफ्नो सांगीतिक पहिचान देखाउँदै थिए । एसियाका चीन र इरान सम्मिलित सो सांगीतिक भेलामा दक्षिण एसियाबाट नेपालमात्र सहभागी थियो । चीनको सांगीतिक मौलिकताबारे सामान्य जानकारी थियो भनूँ । तर इरानको मौलिकताको स्वाद पहिलोपल्ट लिँदै थिएँ । शब्द बिना नै मनमा सहजै सम्प्रेषण हुने । अद्‌भूत शैली । सांगीतिक प्रस्तुतिको मध्यान्तरमा इरानी मित्र अलीसित जिज्ञाशा राखेँ- 'अली ! तिम्रो देशमा तिमीले भरखर प्रस्तुत गरेजस्तो सांगीतिक मौलिकता हावी छ या विश्वमै चलेको सजिलो लहर फैलिएको छ ?' उनको उत्तर उदेक लाग्दो थियो- 'इरान-इराक युद्धताका हाम्रो देशमा संगीत प्रतिवन्धित थियो । तर सर्जकहरू भूमिगतरुपमै सिर्जनारत रहेर भए पनि आफ्नो मौलिकता कायम राख्न सफल भए । त्यसैले हाम्रो मौलिकतालाई पश्चिमे एकरुपे शैलीले अझै गाँज्न सकेको छैन ।' मेरो मुहारको उदेक-भाव उनले सहजै अनुमान गर्न सक्ने खालको हुनुपर्छ । केही सोध्न खोज्दै हुन्छन् । मैले मौकै दिइन । भनेँ- 'अली ! तिम्रो अभिव्यक्तिको शैलीमा त प्रतिबन्धले गर्दा मौलिकता कायम रह्यो भन्ने भाव पो पाएँ त !' उनी भन्छन्- 'आभास ! म प्रतिबन्धको पक्षधर त होइन तर दुर्घटना भइसकेपछि त्यसमा पनि उज्यालो खोज्न छोड्नुहुन्न भन्ने लाग्छ । झन् सर्जकले त प्रतिकुलतालाई काँधमै बोकेर भए पनि उज्यालोलाई पछ्याइरहनु पर्छ ।' उनको यो अभिव्यक्तिले म अवाक भएँ । गम्लङ्ग अँगालो हाल्न चाहेँ । हालेँ । अली मभन्दा निकै अग्ला रहेछन् ।

मध्यान्तरपछि सबै संगीतकर्मीहरू मेरो सांगीतिक अभिव्यक्तिको पर्खाइमा थिए । यो थियो एउटा अनौपचारिक 'फ्यूजन' बैठक । थोरै श्रोता दर्शक पनि थिए भनूँ । दर्शकबीच एसियन भेषकी एउटी महिला थिइन् । जो बेलाबखत मतिर नजर घुमाउथिन् । संगीतकर्मीबीच एकअर्काको स्केल पछ्याउदै आ-आफ्नो क्षमता दर्शाउने क्रम निरन्तर थियो । आयो पालो मेरो । गरूँ के ? अरुहरूका प्रस्तुतिका सामु मेरो जानकारीमा रहेका कुनै पनि नेपाली लोकशैली त्यति प्रभावशाली होलान् जस्तो ठानिँन । हाम्रा लोकशैली खाली एकोहोरो पाराको रटानकै अवस्थामा छन् र यो नै यिनको विशेषता पनि होला । हाम्रा लोकशैली महान छन् तर यी व्युत्पन्न-अभिव्यक्ति (Improvisation) का निम्ति विकसित गरिसकिएका छैनन् । त्यसैले मैले रागको शरण लिएँ । अल्पज्ञानको खाता खोलेँ भनूँ । अल्पज्ञान यसकारण भनिरहेछु, मेरो मूल विषय शास्त्रीय होइन । शास्त्रीयताको विशाल मैदानसित सामान्य परिचय त छ । तर मैदानमा कुस्ती भिड्ने वर्कत नै छ चाहिँ भन्न मिल्दैन । नयाँ र आधुनिक पाराका सिर्जना गर्दा शास्त्रीयतालाई शिष्टतापूर्वक भत्काउने अल्प औकात भने छ भन्नुपर्छ (यसो नगरी कसरी सिर्जना गर्नु ?) । मित्र अली मुरलीजस्तो नेइमा सुफी छेड्दै हुन्छन् । उनीपछि म तत्काल राग आशावरीको सामान्य आरोहमा प्रवेश गर्छु । सा, रेमप हुँदै ध कोमल छुँदा नेइले दोब्रिएको जिभ्रो खोल्दै अलीको आवाज निकाल्छन्- 'वाह !' म सुस्तरी माथिल्लो सां समात्दै अघि बढ्छु । केहीबेरको निवद्ध आलापपछि तरानामा प्रवेश गर्छु- ओ देरे दानी तोम् देरे दानी तोऽम् देरे देद्रे ना । अलीको नाइमा पनि त्यही तराना गुञ्जन थाल्छ । विस्तार सबै कलाकार एउटै धुनमा बाँधिन्छन् । स्वतस्फूर्त सहज र सरल नयाँ भाषा निर्माण भएजस्तो । तराना शब्द या अर्थ नबोकेको सांगीतिक शैलीको नाम हो । जसमा नोम् तोम् देरे जस्ता अर्थरहीत अक्षर मात्र प्रयोग गरिन्छन् । अक्षरका ध्वनीले अनौंठो आकर्षण बोकेका हुन्छन् । मजस्तो सिकारुले छुँदा त यस्तो माहोल बन्यो भने शास्त्रीयतालाई नै जीवन ठान्ने कलाकारले त उधुमै गर्न सक्छन् । जे होस् बैठकको मेलोमार्दा सबै प्रफुल्ल देखिए । निशब्दताको शक्ति मैले पहिलोखेप प्रत्यक्ष अनुभूत गरेँ ।

निशब्दताले ल्याएको यो अपूर्व आनन्दबाट बाहिर निस्कन नपाउदै दर्शकबीचकी उनै एसियन महिला टुप्लुक्क सामु पर्छिन् । हातमा रहेको माइक्रोफोनबाट प्रष्टिन्छ । व्यावसायिक सञ्चारकर्मी हुन् । विनाऔपचारिकता प्रश्न तेर्साउँछिन्- 'मेरो जानकारी गलत छैन भने तिमी नेपाली हौ । तर तिम्रो प्रस्तुतिमा त भारतीय शैली नै हावी रह्यो नि !' मैले तुरुन्त भनेँ- 'हाम्रो संगीतको आधार एउटै हो । यसलाई तिमीले बुझेजस्तो मात्र

व्याख्या गर्नु पर्छ भन्ने छैन नि !' उनको चित्त बुझ्दैन सायद । अलिक तातो बहसमै प्रवेश गर्न चाहे झैं छ । भन्छिन्- 'तिमी जे सुकै भन यो खाले शैलीलाई संसारभरि भारतीय संगीत भनेर चिनिन्छ । म यही संगीत सुनेर हुर्किएकी हुँ र यसको रुपको समान्य जानकारी पनि राख्छु ।' ए ! यिनी छिमेकी रहिछन् त्यसैले उनमा यो निर्धक्के पन छाएको रहेछ । म अब त्यो अनावस्यक बहसबाट बाहीर निस्कन चाहन्थेँ । चुप रहेँ । तर उनी त्यसमै अडिइरहेकी थिइन् । सोध्छिन्- 'तिमीहरूको मौलिकता चाहिँ के हो त ? तिम्रो राष्ट्रिय पहिचान सहितको ?' अनाहकमा मेरो मथिङ्गलको तापक्रम चम्कँदै थियो । सोच्दै थिएँ अलि बाङ्गिदिऊँ कि कसो ! तर नम्रता भङ्ग नगरी भनेँ- 'होइन हो महोदया ! संगीतमा यति धेरै राष्ट्रवादी हुनुपर्छ र ?' भारतमै जन्मिएकी तर डेनिस बनिसकेकी ती म्याडमको देशप्रेम मलाई अचम्मको लाग्यो । त्यसबखत मसँग तिनलाई निरुत्तर पार्ने तर्कका खोलानाला नै थिए । म त्यसो गरेर आत्मरतिमा रम्न सक्थेँ । रमेँ । यतिसम्म भनेँ- ***'बिट्रेनले सिकाएको क्रिकेटलाई तिम्रो माइतिले यति सुन्दरतापूर्वक राष्ट्रियकरण गरिसक्यो र कहिलेकाँही क्रिक्रेटले केन्द्रीय राजनितीमा समेत राम्रै चर्चा पाउने गर्छ, तिमी भने हाम्रै परिवेशको उपज शास्त्रीय संगीतले हाम्रो पहिचान बोक्दैन भन्छौ !' त्यसबेला तिनी चुप भइन् । तर वर्षौंदेखि तिनको प्रश्नले मेरो पिछा छोडेको छैन- साच्चै संगीतमा हाम्रो राष्ट्रिय पहिचान खोई त ?***

संगीत भन्नासाथ हामी धेरैले सशब्द गीति गायनलाई मात्र बुझ्ने गरेका छौं । वाद्यवादन भइहाले पनि उही गायनशैलीकै वाद्य अनुकरण अथवा लोकशैलीकै वाद्य अनुकरण मात्र सम्झने गरेका छौं । हामीले सम्भावित धेरै ढोकाहरू खोल्ने जमर्को नै गरेका छैनौं । हामी बोलीको भाषामा मात्र भ्रमित छौं । संगीतको अन्तरबस्तुसित हामी विलकुल अनभिज्ञ छौं । भाषालाई पो संगीत ठान्दैछौं त । हाम्रा कतिपय जात्रामात्रामा हामीले सुन्दै आएकाछौं बनिबनाउ व्यापारिक विदेशी धुनमा भाषामात्रको परिवर्तन र त्यसलाई प्रदान गरेका छौं 'साँस्कृतिक संरक्षण' को नामाकरण । धन्न है ! अहिलेसम्म त्यसको नमाकरण नै 'संगीत संरक्षण' भइसकेको छैन । हुन त अनजानमै भएको भए पनि यो खाले खुकुलोपन राम्रै हो । अति संरक्षणवाद एकखाले नश्लवाद पनि हो । नश्लवादले आफूलाई मात्र स्वीकार्छ र अरुलाई दुत्कार्छ । हिटलरले जस्तो । जुन प्रवृत्ति यदाकदा हामीमा पनि देखापरिरहेको छ । तर संगीतभित्रको निशब्दताले सबैलाई स्वीकार्छ । यसले कसैलाई पनि दुत्कार्दैन । निशब्द-संगीत एउटा पृथक् र सर्वमान्य भाषा हो जसमा नश्लवाद निषेधित हुन्छ ।

नेपालजस्तो बहुभाषी र बहुसाँस्कृतिक तर सानो आकारको देशमा सबैलाई स्वीकार्ने सँस्कार निर्माण गर्नु नै कलाको मूल धर्म हो । आफ्नो अस्तित्व कायम राख्दै सबैलाई स्वीकार्ने प्रवृत्तिको निर्माण संगीतले जत्तिको प्रभावशाली ढंगले अरु कुनै पनि विधाले गर्नसक्छजस्तो लाग्दैन । यस्तो प्रवृत्तिको विकास गर्नु नै वृहत् अर्केष्ट्राको निर्माण गर्नु हो । हामीसँग मौलिक सारङ्गी, सहनाई, दमाहा, च्याब्रुङ, धिमे, भुस्या, शंख, टुङ्ना आदि छन् र यी बाजासित सम्बन्धित जाति र सँस्कृतिको अस्तित्वको मनोविज्ञान पनि जोडिएको छ । यी सबैलाई प्राविधिक सुधारकासाथ एकठाउँ जम्मा गरेर मात्र हामी निशब्द-संगीतको वृहत् अभियानमा प्रवेश गर्न सक्छौं । त्यो अभियानको सफलता नै हाम्रो 'राष्ट्रिय-अर्केष्ट्रा' को निर्माण हुनसक्छ । त्यस्तो अर्केष्ट्राले चिन्तनशील नेपाली कम्पोजरका सिर्जनालाई प्रस्तुत गर्ने छ । साथै विश्वप्रसिद्ध कम्पोजरका सिर्जनालाई नेपालीशैलीमा रुपान्तरण गर्दै आफ्नो क्षमतालाई परिमार्जित गर्नेछ । यसखाले अभ्यासले हाम्रो निशब्द-संगीतको प्रभावलाई सम्पूर्णतातिर उन्मुख गराउने छ । सम्पूर्ण संकृर्णताबाट मुक्त त्यही निशब्द-संगीतले आफ्नो जीवन्ततामार्फत् हाम्रो राष्ट्रिय पहिचानको ढोका खोल्न सक्छ । यसले आफ्नो मौलिकतामार्फत् चलचित्र निर्माण र नाट्य जगतमा समेत प्रत्यक्ष प्रभाव छोड्दै अन्य विधालाई सम्वृद्ध बनाउने छ । र त्यसबेला हाम्रो सांगीतिक पहिचानमाथि प्रश्न गर्नेहरू पनि निशब्द हुनेछन् । तर शब्दकै जालमा अल्झिरहने हाम्रो राजनैतिक र सामाजिक स्वभाव परिवर्तन नभई निशब्द-संगीतले सफलता पाउला भन्ने आशा गर्नु कत्तिको वैज्ञानिक हो ? त्यो भने एकपल्ट गम्भीरतापूर्वक सोच्नै पर्छ ।